प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०३ ॥ २०८२ जेठ ०७ गते बुधबार (21st May 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## झापा चट्याङको उच्च जोखिममा
# ३४ महिनामा ७ जनाको मृत्यु

झापा(प्रस) । चट्याङको उच्च जोखिममा रहेको झापामा वर्षेनि ठूलो जनधनको क्षति हुने गरेको छ । प्रत्येक वर्ष झापामा चट्याङबाट दुई-चारजनाको मृत्यु हुने गरेको हो भने भौतिक क्षति पनि कम छैन । । आर्थिक वर्ष २०७९ -०८० देखि चालु आर्थिक वर्षको बैशाख मसान्तसम्मको ३४ महिनामा चट्याङले लागेर झापामा ७ जनाको मृत्यु भएको छ ।

त्यस अवधिमा चट्याङका कारण ३७ वटा घटना हुँदा ७ जनाको मृत्यु हुनुका साथै ९ जना घाइते भएका छन् । त्यस्तै १७ वटा चौपाया मरेका छन् । घर, गोठ र अन्य गरी ३१ वटा संरचनामा चट्याङ पर्दा जम्मा १७ लाख ५८ हजार ३०० रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गत वर्षको असार ११ गते झापामा चट्याङले लागेर एकैदिन तीनजनाको मृत्यु भएको थियो ।



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी सहसचिव रोशनीकुमारी श्रेष्ठका अनुसार नेपालमा झापा, उदयपुर र मकवानपुर जिल्ला चट्याङको उच्च जोखिममा रहेका छन् । नेपालमा पछिल्लो चार वर्षमा चट्याङबाट दुई सय ३७ जनाको मृत्यु भएको छ भने नौ सय आठ जना घाइते भएका छन् । कोशीको झापाबाट सुदूरपश्चिमको कञ्चनपुरसम्म र कर्णालीको हुम्लाबाट मधेशको धनुषासम्म चट्याङको जोखिम रहेको छ ।

श्रेष्ठका अनुसार विसं २०७८ साउन १ देखि विसं २०८२ जेठ ५ गतेसम्ममा चट्याङका एक हजार ११८ वटा घटना भएका छन् भने एक हजार ६०७ परिवार प्रभावित बनेका छन् । विश्वमा चट्याङबाट हुने विपद् जोखिमका आधारमा नेपाल पाँचौं स्थानमा पर्ने उनले उल्लेख गरिन् ।

विगत चार वर्षमा कोशी प्रदेशमा चट्याङका दुई सय ९५ वटा घटना हुँदा तीन सय ६६ घर यसबाट प्रभावित बनेका, छन् । जसमा ५१ जनाको मृत्यु र ८४ जना घाइते भएका उनले जानकारी दिइन् । कोशीमा चट्याङका कारण रु एक करोड ६० लाख ४५ हजार ५०० बराबरको धनमालको क्षति भएको छ भने चार सय २० वटा चौपाया मरेका छन् । नेपालमा विपद्बाट जनधनको बढी क्षति हुने दोस्रो ठूलो कारण चट्याङ रहेको त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्रीय विभागका सहप्राध्यापक मदन सिग्देलले जानकारी दिए । गत चैतदेखि असारसम्मको प्रि-मनसुन र मनसुन अवधिमा चट्याङका घटना बढी हुने उनले बताए ।

# ५० बोरा काक्राको बीउ तस्करी



झापा(प्रस)। भारततर्फ तस्करी हुन लागेको ५० बोरा काक्राको बीउसहितको ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ । झापाको दक्षिणी नाकाबाट प्रहरीले अवैध सामान नियन्त्रणमा लिएको हो । मंगलवार बिहान ४:३० बजे इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले झापा गाउँपालिका वडा नं.१ मा नम्बर प्लेट नखुलेको ट्र्याक्टरलाई शंका लागेर चेकजाँच गर्दा नेपालबाट भारततर्फ अवैध रुपमा भन्सार छली लाँदैं गरेको अवस्थामा ५० बोरा काक्राको बीउ फेला परेको थियो । प्रतिबोरा ५० के.जीका दरले काक्राको बीउ लोड रहेको थियो ।

अन्दाजी २ लाख ५० हजार बराबरको काक्राको बीउ र ट्र्याक्टरको मूल्य अन्दाजी ५ लाख गरी जम्मा ७ लाख ५० हजारको अवैध सामान आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाइएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र खड्काले जानकारी दिए । उनले ट्र्याक्टर चालकको खोजी जारी रहेको बताए ।

# राष्ट्र बैंकको गभर्नरमा विश्व पौडेल नियुक्त

झापा(प्रस) । सरकारले नेपाल राष्ट्र बैंकको गभर्नरमा विश्व पौडेललाई नियुक्त गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले पौडेललाई गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । सरकारको यो निर्णयसँगै पौडेल १८औं गभर्नर बनेका छन् ।



उपप्रधान एंव अर्थमन्त्री विष्णु पौडेल संयोजक रहेको समितिले गभर्नरका लागि तीन जनाको नाम सिफारिस गरेको थियो । मंगलबार बसेको सिफारिस समितिको बैठकले विश्व पौडेल, निलम ढुंगाना तिम्सिना र दिनेश भट्टराईको नाम सिफारिस गरेको थियो । सिफारिसअनुसार मन्त्रिपरिषदको बैठकले पौडेललाई गभर्नर नियुक्त गरेको हो ।

निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएसँगै गत चैत २५ गतेदेखि राष्ट्र बैंकमा गर्भनर पद खाली छ । गभर्नर नियुक्तिमा ढिला हुने देखिएपछि अर्थ मन्त्रालयले कामु गभर्नरको जिम्मा डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनालाई दिएको थियो ।

गभर्नर नियुक्तिको विषयमा दुई महिनादेखि सत्तारुढ दल कांग्रेस र एमालेका निम्ति पेचिलो विषय बनेको थियो । किचलो बढदै जाँदा चैत ११ गते गभर्नर सिफारिस समिति गठन भएपछि यसका दुई सदस्यले फरक-फरक समितिमा राजीनामा दिएका थिए । वैशाख ९ मा समिति सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएका थिए । आफूलाई गभर्नर बन्न प्रस्ताव आएपछि वैशाख २८ मा विश्व पौडेलले समिति सदस्यबाट राजीनामा दिएका थिए । वैशाख ३१ मा अर्थमन्त्री पौडेलले सिफारिस समिति नै पुनर्गठन गठन गरेर समिति सदस्यमा पोषराज पाण्डेलाई नियुक्त गरेका थिए ।

गभर्नरमा नियुक्त पौडेलले अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन् । उनी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका थिए । काठमाडौं विश्वविद्यालयका अध्यापकसमेत रहेका उनीसँग अन्तरष्ट्रिय श्रम संगठन (आईएलओ)को आर्थिक सल्लाहकारका रूपमा काम गरेको अनुभव पनि छ । २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी चितवन क्षेत्र नम्बर १ मा कांग्रेसबाट उम्मेदवार बनेका थिए ।चितवन-१ मा रास्वपाका हरि ढकाल ३४ हजार २ सय १८ मतसहित विजयी भएका थिए । दोस्रो स्थानमा रहेका एमाले उम्मेदवार सुरेन्द्र पाण्डेले २६ हजार ६०८ मत ल्याएका थिए । पौडेल भने तेस्रो स्थानमा रहँदै २४ हजार ९ सय ९० मत ल्याए ।

# कोशी प्रदेशमा लिम्बू र मैथिली भाषा कार्यान्वयनमा जोड




विराटनगर : तत्कालीन मुख्यमन्त्री राजेन्द्रकुमार राईको कार्यकालमा भाषा आयोगले लिम्बू र मैथिली भाषालाई प्रदेशस्तरीय कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न सिफारिस गरेको थियो। सो विषय प्रदेशसभामा बारम्बार उठे पनि अहिलेसम्म सदनमा पुग्न सकेको थिएन।

पछिल्लो समय कोशी प्रदेशमा बोलिने सबै भाषाको संरक्षण, संवर्धन तथा विकासका लागि नेकपा (माओवादी केन्द्र)का सांसद गोम्बु शेर्पा र नेकपा (एकीकृत समाजवादी)की सांसद खिनु लङ्वा लिम्बूले 'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०८१' दर्ता गराएका थिए। लिम्बू र मैथिलीलाई सरकारी कामकाजको भाषाका रूपमा समेटिएको उक्त विधेयक दर्ता भए पनि सदनमा प्रस्तुत नगरिएको अवस्थामा संसद् अन्त्य गरियो।


यद्यपि सोमवार कोशी प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेश प्रमुख पर्शुराम खापुङले लिम्बू र मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउने घोषणा गरेका छन्। सरोकारवालाहरूले यो निर्णयलाई सांस्कृतिक विविधता र भाषिक पहिचानको दृष्टिले सकारात्मक कदम भनेका छन्।

पूर्वमन्त्री तथा जसपाका केन्द्रीय सदस्य जयराम यादवले आफूहरूको कार्यकालमा भाषा आयोगको सिफारिस आइसकेको उल्लेख गर्दै कार्यान्वयन ढिला भएको टिप्पणी गरे। उनले भने, 'यदि कार्यान्वयन गर्ने हो भने स्वागतयोग्य छ, कागजमै सीमित राख्ने हो भने यो ललिपप देखाउने जस्तै मात्र हो।'

मैथिली अनलाइनका सञ्चालक नवीन कर्णले सरकारको भाषासम्बन्धी निर्णय सकारात्मक भए पनि कार्यान्वयनको पक्षमा कमजोर रहेको बताए। 'सुझाव संकलन गर्ने, नीति तथा कार्यक्रममा समेटेझैं गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्ति देखिएको छ', उनले भने।

❖ बाँकी तेस्रो पृष्ठमा

# भद्रपुरका राईसहित तीनजना मृत फेला



झापा(प्रस)। झापाको भद्रपुरमा कल्भर्टबाट लडेर एक जनाको मृत्यु भएको छ । भद्रपुर नगरपालिका- १० बस्ने अन्दाजी ६० वर्षका निगे राईको वडा नं ९ डाँगीबारीस्थित भित्री सडकखण्डमा रहेको कल्भर्टबाट लडेर मृत्यु भएको हो । उनी अन्दाजी १० फिट तल लडेर घोप्टो परी मृत अवस्थामा फेला परेका थिए । सम्पूर्ण कानुनी प्रकृया पुरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। राई मंगलवार बिहान ८बजेतिर घरबाट हिडेका थिए । उनले पहिलादेखि नै मादक पदार्थ सेवन गरी हिड्ने गरेको बुझिएको छ । त्यस्तै निगुरो टिप्न जंगल भएका मोरङ कानेपोखरी गाउँपालिका - ५ बस्ने ५२ वर्षीय जितलाल राजवंशी मृत फेला परेका छन् । जेठ ४ गते बिहान ७;३० बजे राजवंशी निगुरो टिप्न भनी घरबाट हिडेकोमा हालसम्म घर नफर्केपछि आफन्तले खोजी गर्ने क्रममा मंगलवार बिहान ११ बजे घरदेखि अन्दाजी ५ किलोमिटर उत्तर राष्ट्रिय वनमा उनी मृत फेला परेका थिए । त्यस्तै सुनसरी बराहक्षेत्र नगरपालिका -२ बयरवन बस्ने ५४ वर्षीय महेन्द्र थापा मगर आफ्नै घरमा सुतिरहेको अबस्थामा सोमवार राति मृत फेला परेका छन् । उनी मादक पदार्थ सेवन गरी सुतेका थिए । त्यस्तै धनकुटा नगरपालिका वडा नम्वर-६ सरस्वती चौक वस्ने ५४ वर्षीय प्रताप राई लडेर घाइते भएका छन् । सोमवार टुँडिखेलमा चलिरहेको मेलामा गएकोमा घर नफर्किएपछि उनकी श्रीमतीले खोजतलास गर्ने क्रममा मंगलवार बिहान १०:३० बजे टुँडिखेलनजिकै बाटोमा लडिरहेको अवस्थामा राई फेला परेका थिए । उनलाई जिल्ला अस्पताल धनकुटामा सामान्य उपचारपश्चात् थप उपचारको लागि विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानतर्फ पठाइएको छ । उनको अवस्था बोल्न नसक्ने गम्भीर रहेको छ । उनले मादक पदार्थ सेवन गरेको प्रहरीले जनाएको छ ।

# पक्राउ ७ जनामाथि म्याद थप गरी अनुसन्धान

झापा(प्रस) । मेचीनगरको धुलावारीमा रहेको द गिफ्टोरियमबाट पक्राउ परेका ७ जना अवैध वित्तीय कारोबारीमाथि म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अदालतबाट म्याद थपको अनुमति लिएर अनुसन्धान अघि बढाएको हो । अदालतबाट म्याद थप गरी उनीहरुमाथि अनुसनधान भइरहेको सीआइबीका प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले बताए । उनले यसअघि सोही आरोपमा पक्राउ परेका २१ जनासरह म्याद थप गरी अनुसन्धान भइरहेको जानकारी दिए । उनीहरुले राष्ट्र बैंक ऐन २०५८ को विरुद्धमा आन्तरिकरुपमा विप्रेषण चलाएको प्रहरी उपरीक्षक खड्काले बताए । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अवैध वित्तीय कारोबारमा संलग्न ७ जनालाई गत बुधवार गिफ्टोरियमबाट पक्राउ गरेको हो । गिफ्टोरियमका मुख्य संचालक मेचीनगर ७ धुलावारी निवासी कविस मारु र अनुज मारु हुन् । उनीहरुसंगै सहयोगीहरु मेचीनगर ७ धुलावारीकै निर्मल राई , दिपेन्द्र खड्का , महेश पौडेल , बिर्तामोड ५ का अंकित अग्रवाल र बिर्तामोड ५ कै सुनिल राई पक्राउ परेका छन् । उनीहरुसंग झापाका अन्य व्यक्तिहरु पनि अवैध वित्तीय कारोबारमा संलग्न रहेको बुझिएको छ । जसको बारेमा सीआइबीले अनुसन्धान गरिरहेको छ ।

दुई साताअघि सीआईबीले अवैध वित्तीय कारोबारमा संलग्न २१ जनालाई ११ जिल्लाबाट पक्राउ गरेपछि गिफ्टोरियमबाट अवैध वित्तीय कारोबार संचालन भएको खुलेको थियो । उनीहरूले करिब १७ अर्ब ८६ करोड ७० लाख रुपैयाँभन्दा बढी अवैध कारोबार गरेको खुल्न आएको थियो ।

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# एउटै परिवारका ६ जनाले सँगै गरे मकालु हिमाल आरोहण




संखुवासभा : संखुवासभाको मकालु गाउँपालिका–२ का एउटै परिवारका ६ जनाले एकैपटक मकालु हिमाल आरोहण गरेका छन्।

एकै परिवारका ५ दाजुभाइ र बहिनीले विश्वको पाँचौ अग्लो मकालु हिमाल (८,४८५मिटर) आरोहण गरेका हुन्।

मकालु–२ का ङिमा ओङ्जुक शेर्पाका ४ छोरा र १ छोरीले गत वैशाख २६ मा मकालु हिमाल आरोहण गरेको आरोही दलका सदस्य मुक्तुक लाक्पा शेर्पाले बताए।

मुक्तुक लाक्पाले भने, 'म सहित तीन भाइ र एक बहिनीले एकै परिवारका पाँचजना आरोहणमा विश्व कीर्तिमानी राख्न मकालु आरोहण गरेका हौँ।'

कीर्तिमानीका लागि मुक्तुट, उनका भाइहरू ङिमा दोर्ची शेर्पा, आङ डी शेर्पा, पेछुम्वे शेर्पा र बहिनी पासाङ शेर्पाले एक साथ आरोहण गरेका हुन्। मकालु हिमालमा एउटै बाउका पाँच छोराछोरीले आरोहण गरेर कीर्तिमानी राख्ने हाम्रो परिवार पहिलो भएको बहिनी पासाङ याङ्जीले दावी गरिन्।

दाजुभाइ दिदीaहिनीको एक साथ कीर्तिमानी राख्ने क्रममा उनीहरू सँगै मुक्तुककी २३ वर्षीया छोरीले पनि मकालु हिमाल सँगै अरोहण गरेकी छन्।

बुबा, काका र फुपूसँगै आरोहण गरेकी २३ वर्षीया एनिमा शेर्पा मकालु हिमाल आरोहीमध्ये कान्छी महिला आरोही रहेको दावी गरिन्। एकै परिवारका ६ जानाले एकैसाथ मकालु आरोहण गरेपछि सो परिवारलाई मकालु गाउँपालिका, नेपाल पत्रकार महासंघ संखुवासभा र शेर्पा संघले सम्मान गरेका छन्।

# ८ वर्षदेखि खुला विश्वविद्यालय भाडामा मासिक ५ लाख तिर्दै

झापा(प्रस) । नेपाल खुला विश्वविद्यालय सञ्चालन भएको ८ वर्ष बितिसक्दा पनि हालसम्म आफ्नै भवन बनाउन नसकेपछि महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको छ।

सरकारले भवन निर्माणको लागि पटक-पटक बजेट उपलब्ध गराए पनि बनाउन नसकेपछि मन्त्रिपरिषद्को निर्णयबमोजिम भवन निर्माण गरी कार्य सञ्चालन गर्न विश्वविद्यालयलाई निर्देशन दिएको छ।

नेपाल खुला विश्वविद्यालय सञ्चालन भएको ८ वर्ष बितिसकेको छ। सरकारले 'नेपाल खुला विश्वविद्यालय ऐन, २०७३' पारित गरेसँगै विश्वविद्यालयले २०७४ जेठ ३० देखि शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याएको थियो।

नेपाल खुला विश्वविद्यालय ऐन,२०७३ को दफा ३ को उपदफा २ मा नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको स्थानमा रहने व्यवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०८०।३।२६ को निर्णयले विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा राख्ने निर्णय गरी २०८१ मा भवन निर्माण गर्न १२ करोड बजेट विनियोजन गरेको थियो तर निर्माण कार्य भने सुरु भएको छैन।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०।८१ को ६२औँ वार्षिक प्रतिवेदनमा भनिएको छ,'मन्त्रिपरिषद्को निर्णयबमोजिम भवन निर्माण गरी कार्य सञ्चालन गर्नुपर्छ।'

**मासिक भाडामै झण्डै ५ लाख खर्च**

उक्त विश्वविद्यालय स्थापना भएयता ललितपुरको मानभवनमा भाडाको घरबाट विश्वविद्यालय सञ्चालन हुँदै आएको छ। महालेखाको प्रतिवेदनअनुसार विश्वविद्यालयले झण्डै मासिक पाँच लाख भाडा तिर्ने गरेको छ। गत वर्षमात्रै घरभाडामा विश्वविद्यालयले ५९ लाख भन्दा बढी खर्च गरेको छ।

'ललितपुर महानगरपालिकाको मानभवनमा मासिक ४ लाख ९५ हजार भाडा भुक्तानी गर्ने गरी घर भाडामा लिई यो वर्ष घरभाडामा विश्वविद्यालयले ५९ लाख ३७ हजार खर्च गरेको छ', प्रतिवेदनमा उल्लेख छ।

सानोठिमी भक्तपुरस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्र र चिकित्सा शिक्षा आयोगको अगाडि रहेको खाली जग्गामा भने 'नेपाल खुला विश्वविद्यालय भवन निर्माणस्थल' नामको बोर्ड वालमा ठड्याएर मात्रै राखिएको छ। जग्गा वर्षौंदेखि झारपातले ढाक्ने गरेको छ।

**स्वीकृति नलिई २ करोडभन्दा बढी वैदेशिक अनुदान लियो**

यो विश्वविद्यालय उद्देश्यअनुरूप शिक्षा प्रदान गर्नेभन्दा पनि पछिल्लो समय मनलाग्दी चल्दै आएको पनि महालेखा परीक्षक कार्यालयको प्रतिवेदनले औंल्याएको छ। वैदेशिक सहायताको हकमा नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २८ को उपदफा २ मा विदेशी व्यक्ति, सरकार तथा अन्ताराष्ट्रिय सङ्घ संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार,अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ।

उक्त विश्वविद्यालयले सरकारको स्वीकृतिबिना नै २ करोडभन्दा बढी अनुदान लियो। 'विश्वविद्यालयले यो वर्ष फिनल्याण्डको एक विश्वविद्यालयबाट ९३ लाख ६४ हजार र नोराडबाट १ करोड ३० लाख १४ हजार गरी जम्मा २ करोड २३ लाख ७८ हजार अनुदान प्राप्त गरेकोमा अर्थ मन्त्रालयबाट स्वीकृति लिएको देखिएन', प्रतिवेदनमा भनिएको छ, 'अतः कानुनबमोजिम वैदेशिक सहायता प्राप्त गर्नुपर्छ।'

**यसकारण खोलिएको थियो खुला विश्वविद्यालय**

कतिपय व्यक्ति उच्च शिक्षा हासिल गर्ने चाहना हुँदाहुँदै पनि कहिले जागिर त कहिले पारिवारिक समस्याका कारण पढ्नबाट वञ्चित हुन्छन्। उनीहरूको अध्ययन गर्ने इच्छा पूरा गर्न नेपाल खुला विश्वविद्यालय खोलिएको हो। विश्वविद्यालयले दूर शिक्षा प्रदान गर्दै आएको छ।

सरकारले 'नेपाल खुला विश्वविद्यालय ऐन, २०७३' को दफा (३) को उपदफा (१) मा उल्लेख छ, 'खुला शिक्षा प्रणालीद्वारा विभिन्न विषयमा उच्चस्तरीय अध्ययन,अध्यापन तथा अनुसन्धान गर्ने, गराउने काम समेतका लागि नेपाल खुला विश्वविद्यालय स्थापना गरिएको छ।'

घरैमा बसेर वा पढाइ हुने ठाउँभन्दा टाढाबाट शिक्षा प्राप्त गर्ने तरिका दूर शिक्षा हो। यसमा पत्राचार, श्रव्य र श्रव्यदृश्य प्रविधिमा आधारित माध्यमबाट शिक्षा दिइन्छ। विभिन्न भूगोलमा बस्ने, भौतिक उपस्थितिमा पढ्न नसक्नेलाई गुणस्तरीय उच्च शिक्षाको अवसर दिन यो विश्वविद्यालय खुलेको हो। विभिन्न पेसामा लागेर पढ्न नपाएकाहरूले यस विद्यालयमा इन्टरनेटको माध्यमबाट पढ्न पाउँछन्।

**विश्वविद्यालय भन्छ : जग्गा पास नै भएन**

नेपाल खुला विश्वविद्यालय सञ्चालनमा आएसँगै भक्तपुरमा भवन बनाउने योजना बने पनि उक्त योजना पूरा हुन सकेको छैन। बरु सरकारले भने पटक-पटक उक्त विश्वविद्यालयलाई भवन बनाउन बजेट दिँदै आएको छ। आव २०७६।०७७ मा पनि विश्वविद्यालय सञ्चालन खर्च ७ करोड ३५ लाख रुपैयाँ र भौतिक निर्माणका लागि ७ करोड रुपैयाँ छुट्याएको थियो तर बनेन संरचना।

हालसम्म किन विश्वविद्यालयको आफ्नै भवन बन्न सकेन? भन्ने प्रश्नमा विश्वविद्यालयका रजिष्ट्रार डा. गोविन्दसिंह विष्टले नक्सा नै पास नभएकाले भवन बन्न नसकेको जानकारी दिए।

उनले भने, 'हामीलाई भक्तपुरमा विश्वविद्यालयको भवन बनाउने भनेर भनियो, जग्गा पनि देखायो, बोर्ड राख्यौँ तर त्यो जग्गा शिक्षा तथा मानव स्रोत विकास केन्द्र(सीएचआरडी)को रहेछ, हालसम्म जग्गा पास नभएपछि भवन बनाउने प्रक्रिया नै अघि बढ्न सकेन।'

सरकारले तुरुन्तै उक्त जग्गा विश्वविद्यालयको नाममा पास गरिदिए भवन निर्माण कार्य थाल्ने जानकारी दिए। 'हामीले सम्बन्धित निकायलाई जग्गा पासका लागि निवेदनसहित पत्राचार गरिसकेका छौँ तर हालसम्म केही प्रतिक्रिया आएको छैन, हामीले फलोअप भने गरिरहेका छौँ,जग्गा पास भएपछि काम थालिहाल्छौँ', उनले भने।

## टी-२० ग्लोबल छनोट
# महिला क्रिकेटको ऐतिहासिक यात्रा

झापा । नेपाली महिला क्रिकेट टोलीले अन्तर राष्ट्रिय मैदानमा पाइला चालेको १८ वर्ष पूरा भइसकेको छ ।

सन् २००७ मा मलेसियामा भएको एसिसी महिला च्याम्पियनसिप खेल्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन थालेको नेपाली महिला टोली अन्तर्राष्ट्रिय उपलब्धिको हिसाबले पछाडि नै छ ।

पुरुष क्रिकेटले ११ वर्षअघि नै आइसिसी टी-२० विश्वकप खेलेर दोस्रो पटक २०२४ मा विश्वकपको अनुभव बटुल्दा महिला क्रिकेटले विस्तारै आफ्नो लय समात्ने छनक देखिएको छ ।

एसियाली प्रतियोगिता बाहिर जान नसकेको नेपाली महिला टोलीले थाइल्यान्डमा सम्पन्न आइसिसी महिला टी-२० विश्वकप एसिया छनोट पार गरेर ग्लोबल छनोटमा पुगेको हो । नेपाली महिला टोलीले पहिलो पटक ग्लोबल छनोटमा स्थान बनाएको हो । अब नेपाली महिला टोली विश्वकपभन्दा एक कदम पछाडि छ ।

**मौसम र भाग्यको साथ**

नेपाललाई विश्वकप नजिक पुग्न यसपटक मौसम र भाग्यले पनि साथ दियो । सँधै तँगारो बन्ने गरेको युएईलाई सुपर तीनको खेलमा हराए पनि नेपालको ग्लोबल छनोट यात्रा तय भएको थियो ।

लिग चरणमा हङकङ र बहराइनबिचको खेल वर्षाका कारण रद्द भएपछि नेपाल आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटको सुपर तीनमा प्रवेश गरेको छ । समूह 'सी' मा हङकङ र नेपालका समान पाँच अङ्क भए पनि नेपाल बढी जित निकालेको आधारमा आधारमा अगाडि रहेको हो ।

नेपाल लिग चरणको चार खेलमा दुई जित, एक हार र एक नतिजाविहीन अवस्थामा थियो । यता हङकङ चार खेलमा एक जित र तीन नतिजाविहीन भएको थियो ।

यदि लिग चरणको अन्तिम खेलमा हङकङले बहराइनलाई हराएको भए नेपालको सम्भावना सकिने थियो । तर उक्त खेलमा वर्षा बाधक बन्दा हङकङ बाहिरियो र नेपाल भाग्यमानी बनेको थियो ।

सुपर तीनको अन्तिम खेलअगावै छनोट यात्रा तय गरेको नेपाल अन्तिम खेलमा थाइल्यान्डसँग ७८ रनले पराजित भयो । जितका लागि एक सय ५९ रनको लक्ष्य पाएको नेपाल निर्धारित २० ओभरमा नौ विकेटमो क्षतिमा ८० रनमा समेटियो ।




थाइल्यान्डले च्याम्पियन बन्दै ग्लोबल छनोटमा पुग्दा अन्तिम खेलमा नेपालको ब्याटिङ कमजोर भयो । भाग्यमानी नेपालले ग्लोबल छनोटमा यो कमजोरी सुधार गर्नुपर्ने आवश्यक छ ।

अब नेपालले विश्वकप पुग्न अन्तिम चरणको ग्लोबल छनोट खेल्ने छ । छनोट खेलमा १० टोलीबिच प्रतिस्पर्धा हुने छ । जसमा नेपालले थाइल्यान्ड, बङ्गलादेश, स्कटल्यान्ड, अमेरिका, आयरल्यान्ड र नेदरल्यान्ड्स, युगान्डा, जिम्बाबे, नामिबिया जस्ता टोलीको सामना गर्नुपर्नेछ ।

जसबाट चार टोलीले विश्वकपमा स्थान बनाउने छन् । भर्खर पाइला चालेको नेपालका लागि ग्लोबल छनोट चुनौतीपूर्ण छ ।

**महिला क्रिकेटमा क्यानको चासो**

यस ऐतिहासिक उपलब्धिका लागि नेपाल क्रिकेट सङ्घ (क्यान) ले पछिल्ले समय महिला खेलाडीका गरेको लगानी र चासोको प्रभाव पनि हो । वर्षमा हुने एकाध राष्ट्रिय प्रतियोगिता खेलेर अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नु पर्ने महिला क्रिकेटरको बाध्यतालाई क्यानले विस्तारै चिर्दै गएको छ ।

यस पटक क्यानले एसिया छनोट अघि महिला टोलीलाई भारतमा प्रशिक्षणको व्यवस्था मिलाएको थियो । यस्तै क्यानले महिला टोलीलाई विदेशी कन्सल्टेन्ट प्रशिक्षकको समेत व्यवस्था गरेको थियो ।

क्यानले प्रधानमन्त्री कपलाई लामो ढाँचामा सञ्चाल गरेर पनि महिला खेलाडीको प्रदर्शनमा केही सुधार गरेको देखिन्छ । यद्यपि पुरुष क्रिकेटको तुलनामा नेपालमा अझै महिला खेलाडीको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना र सहभागिता न्यून छ ।

**केन्द्रीय सम्झौताको उत्साह**

क्यानले महिला खेलाडीका लागि राष्ट्रिय प्रतियोगिता आयोजना, अन्तर्राष्ट्रिय सहभागितासँगै खेलाडीलाई गएको फागुन महिनादेखि केन्द्रीय सम्झौतामा राखेको छ । यसले पनि महिला खेलाडीको मनोबल उच्च बनाएको हो । यसपटक कप्तान इन्दु बर्मा, अनुभवी खेलाडी रुविना क्षेत्री, युवा स्टार पूजा महतो र बलर मनिषा उपाध्यायको प्रदर्शन तारिफ गोग्य रह्यो ।

क्यानले पहिलो पटक १९ जना महिला खेलाडीलाई 'ए', 'बी' 'सी', 'डी' र इमर्जिङ श्रेणीमा विभाजन गरी मासिक तलव भत्तासहितको सम्झौता गरेको छ । 'ए', 'बी' 'सी, 'डी' र इमर्जिङ मा रहेका खेलाडीले मासिक क्रमशः ५०, ३५, ३०, २५ र २० हजार रुपियाँ पाउँदै आएका छन् ।

अहिले 'ए' मा कप्तान इन्दु बर्मा, अनुभवी खेलाडी रुबिना क्षेत्री र सीता रानामगर हुन् । यस्तै 'बी' मा कविता कुँवर, 'सी' मा पूजा महतो र अश्मिना कर्माचार्य, 'डी' मा अप्सरी बेगम, कविता जोशी, संगिता राई, काजोल श्रेष्ठ र बिन्दु रावल हुन् ।

इमर्जिङ खेलाडीमा सोनी पाखिन, खुसी डंगोल, ज्योत्सनिका मरासिनी, कन्चन श्रेष्ठ, रुबी पोदार, श्रृष्टि जैसी, सम्झना कुमारी खड्का र सना प्रविन छन् ।

# नगर प्रमुख र उपप्रमुख झापा गोल्डकपको संरक्षक



झापा(प्रस) ।झापा गोल्डकपले बिर्तामोड नगरपालिकाका प्रमुख र उपप्रमुखलाई गोल्डकप आयोजक समितिको संरक्षकको जिम्मेवारी प्रदान गरेको छ।

झापा गोल्डकपका अध्यक्ष केदार गिरीको अध्यक्षतामा केही दिनअघि बसेको बैठकले बिर्तामोड नगर प्रमुख र उपप्रमुखलाई संरक्षक राख्ने निर्णय गरेको हो।

संरक्षकको रूपमा रहेका नगरप्रमुख पवित्र महतारा प्रसाई र उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलालाई गोल्डकपले औपचारिकपत्र समेत प्रदान गरेको छ।

नगर प्रमुखको कार्यकक्षमा आयोजित संक्षिप्त कार्यक्रमका बीच अध्यक्ष गिरीले प्रमुख र उपप्रमुखलाई संरक्षकत्वको पत्र सम्मानसहित प्रदान गरेका हुन् ।

यसैबीच झापा गोल्डकपले आगामी फागुनमा प्रस्ताव गरेको सातौं संस्करणका लागि बिर्तामोड नगरपालिकासहित झापाका १५ वटै स्थानीय तहमा आफ्नो प्रस्तावना पत्र पेश गरेको छ। झापा गोल्डकपको सातौं संस्करणलाई भव्यतापूर्वक सम्पन्न गर्न गोल्डकप आयोजक समितिले स्थानीय सरकारहरूसमक्ष सहयोगको अपेक्षासहित आफ्नो प्रस्तावना पत्र पेश गरेको हो।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री सुरेश कुमार सिंह राजवंशीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री निस्मा भारतीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ ६० | ३७६५ | २०२.०० | २०८१/ १२ /१२ | २०८१/ १२ /१३ | २०८१/ ०१/१९ |

**नेपाल कम्यूनिष्ट पार्टी (एमाले)**
**वडा कमिटि**
**भद्रपुर - ९ , झापा**

**प्रेस विज्ञप्ती**

मिति २०८२/०२/०३ गते डिभिजन वन कार्यालय भद्रपुर, झापाबाट, चन्द्रगढी सामुदायिक बन उपभोक्ता समूहले संचालन गरेको स-मिलवाट करिब ८३ क्यु फिट साखु जातका चिरान काठ अवैध भनि आफ्नो नियन्त्रणामा लिएको प्रति नेकपा एमाले भद्रपुर-९, कमिटीको गम्भिर ध्यानाकर्षण भएको छ । अत सो नियन्त्रणमा लिइएको काठ वैध हुन या अवैध हुन सोको निष्पक्ष छानविन गरी सत्य तथ्य बाहिर ल्याउनु हुन सम्वन्धित निकायमा ध्यानाकर्षण गराउदछौ ।

साथै उक्त काठ अवैध भए सो कार्य गराउने व्यक्ति वा समूहलाई कडा भन्दा कडा कारबाहिको माग गर्दछौ । यदी कुनै प्रतिशोध, दुरासाही भावना वा मोलमोलाहिजामा परि निर्दोश माथि कारवाहि गरिएमा वा दोशीलाई उन्मुक्ति दिने प्रयास गरेमा, सो कार्यको प्रतिकारमा उत्रने यसै विज्ञप्ति मार्फत नेकपा एमाले भद्रपुर-९ वडा कमिटी, आम नागरिक तथा सरोकारवाला निकायलाई अवगत गराउदछौ ।

**महेश न्यौपाने**
**सचिव**

**ध्रुवराज कार्की**
**अध्यक्ष**

**बिर्तामोड नगरपालिकाको**

**अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौँ।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौँ।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

## सम्पादकीय

# जमिन भासिनबाट सतर्क

बाढीपहिरो, भूक्षयलगायत अनेक खालका प्राकृतिक विपत्ति नचाहेर पनि मानिसले भोग्नु पर्छ । अतिवृष्टि र अनावृष्टिले पर्यासन्तुलन बिगार्न ठुलो भूमिका खेल्छन् । अतिवृष्टिका कारण बाढीपहिरो, डुबान र भूक्षय हुन सक्छ । अनावृष्टिले मरुभूमीकरण बढाउन सक्छ । आँधीहुरी, भूकम्पले पनि संसारमा ठुलो क्षति पुऱ्याइरहेको हुन्छ । यीभन्दा अझ बेग्लै खालको विपत्ति भने जमिन भासिनु हो । हिजोआज विश्वभर नै जमिन भासिने घटना देखिन थालिएको छ । चीनका कतिपय तटीय सहर बिस्तारै भासिन थालेको केही समयअघि समाचारमा आएको थियो । अत्यधिक कङ्क्रिटको प्रयोगका कारण भारवहन क्षमता कमजोर हुँदा जमिन भासिन थालेको बताइन्छ । त्यति मात्र होइन, सहरी पूर्वाधार निर्माण तथा उपयोगका निम्ति जमिनमुनिको पानीको अत्यधिक दोहनका कारण पनि जमिन भासिन थालेको छ । तटीय सहर औसतमा वार्षिक ३.३ मिलिमिटरका दरले भासिन थालेको र त्यसले सन् २१२० सम्म कतिपय तटीय सहर समुद्री सतहभन्दा तल पुग्न सक्ने जोखिम चीनमा औँल्याइएको छ । पूर्वाधार निर्माण र जमिनमुनिको पानी दोहनमा सचेत रहन पनि विज्ञले सुझाएका छन् । विश्वको यो परिवेशमा नेपालकै हेटौँडामा केही दिनअघि एउटा गाडी नै भासिएर बेपत्ता भयो । भूगर्भविद्को टोलीले समेत अध्ययन गरेर पनि तत्कालै यकिन निष्कर्ष निकाल्न सकेन । हेटौँडा उपमहानगरपालिका–१६, गैरीगाउँको सो घटनाले फेरि यो विषय चर्चामा ल्याएको छ ।

हेटौँडाको गैरीगाउँ मात्र होइन, देशका धेरै स्थानमा भासिने जोखिम भएको अध्ययनबाट देखिएको छ । नेपालका कम्तीमा २४ स्थान 'सिंक्तहोल' अर्थात् जमिन भासिने खतरामा देखिएको छन् । खानी तथा भूगर्भ विभाग र भौगर्भिक अध्येताले २०५५ सालयता गरेको अध्ययन अनुसार तराई, मधेशका साथै कतिपय पहाडी जिल्लामा समेत जमिन भासिने खतरा देखिएको हो । कास्कीको पोखरामा त जमिन भासिने विमर्श धेरै वर्षदेखि गरिएको थियो । भूगर्भ विभागकै भूविज्ञान महाशाखाका अनुसार झापाको भद्रपुर र दमक, मोरङको विराटनगर, सुनसरीको धरान, सिन्धुली, धनुषाको जनकपुरधाममा जमिन भासिने जोखिमयुक्त भौगर्भिक संरचना छन् । त्यसै गरी महोत्तरीको बर्दीबास र जलेश्वर, पर्साको वीरगन्ज, मकवानपुरको हेटौँडा, काठमाडौँ र नुवाकोटमा पनि जमिन भासिने जोखिमयुक्त भौगर्भिक संरचना पाइन्छ । त्यस्तै चितवनको भरतपुर, कास्कीको पोखरा, तनहुँको दमौली, रुपन्देहीका बुटवल र भैरहवा, दाङको तुलसीपुर, बाँकेको नेपालगन्ज, बर्दियाको गुलरिया, सुर्खेत, कैलालीको टीकापुर र धनगढी र कञ्चनपुरको महेन्द्रनगरमा पनि जमिन भासिने खतरा छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आजको पत्रकारितामा नैतिकता

• डा. शशिनाथ मरासिनी

समाज व्यवस्थित गर्न दुई किसिमको नियन्त्रणको अभ्यास गरिएको हुन्छ । त्यसमा कानुनी र नैतिक नियन्त्रण रहेको हुन्छ । कानुनी नियन्त्रण बन्धनकारी हुन्छ । त्यसको उल्लंघन गर्नु कानुनविपरीत हुन्छ । कानुन उल्लङ्घन गर्नुको अर्थ कानुनले गर्न भनेका कार्य नगर्नु र नगर्न भनेको कार्य गर्नु हो । यस सन्दर्भमा कानुन भनेको के हो भन्ने बुझ्नुपर्ने हुन्छ । सामान्य अर्थमा कानुन भन्नाले बाहिरी मानवीय व्यवहारलाई नियन्त्रण गर्ने नियमको सूची भन्ने बुझिन्छ ।

कानुन के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान्का अलग अलग धारणा छन् । प्रकृतिवादी सम्प्रदायका अनुसार कानुन भन्नाले तर्कको शासन हो । त्यसै गरी विश्लेषणवादी सम्प्रदायका अनुसार कानुन भन्नाले सम्प्रभुको आदेश हो । ऐतिहासिक सम्प्रदायका अनुसार कानुन बन्ने विषय नभएर भेटिने विषय हो । त्यसै गरी मार्क्सवादी सिद्धान्तका अनुसार, कानुन शोषणको माध्यम हो । सामाजिक सम्प्रदायका अनुसार कानुन सामाजिक शिल्पशास्त्र हो । यसले स्वार्थलाई सन्तुलनमा राखेर समाज व्यवस्थित गर्ने प्रयास गर्छ । यसले समाज गातिशील हुन्छ भन्ने कुरालाई समेत आत्मसात् गर्छ । यसै सिद्धान्तको जगमा टेकेर यथार्थवादी सम्प्रदायको विकास भयो । यो सिद्धान्तले अदालतको अभ्यास नै कानुन हो भने स्विकार्छ । यस सिद्धान्तका अनुसार कानुनभन्दा समाज गतिशील हुन्छ । कानुनमा लेखिएका शब्द मृत जस्ता हुन्छन् । ती शब्दले अदालतको व्याख्या पछि मात्र जीवन्तता पाउँछन् । त्यसै गरी विभिन्न मुभमेन्टले पनि कानुनलाई आआफ्ना किसिमले परिभाषित गर्ने गरेको पाइन्छ । जे भए पनि कानुन समाजलाई व्यवस्थित गर्ने एक माध्यम हो । कानुनबिनाको समाजमा जङ्गली राज हुन्छ । त्यस्तो समाजमा न्याय भनेको मत्स्य न्याय जस्तै हुन्छ ।

समाज व्यवस्थित गर्न कानुन जस्तै नैतिकताको पनि महत्व हुन्छ । सबै कुरालाई कानुनले नियन्त्रण गर्न सक्दैन र सान्दर्भिक हुँदैन, त्यस्तो अवस्थामा नैतिकताको पनि महत्व हुन्छ । नैतिकता बाध्यकारी हुँदैन । यसमा दण्ड र जरिबानाको भय हुँदैन । यसलाई लक्ष्मण रेखाका रूपमा पनि बुझ्न सकिन्छ । यो पालना गर्दा सुरक्षा र शक्ति प्राप्त हुन्छ । कानुन र नैतिकताका विषयमा विधिशास्त्री हार्ट र फुलरको बहस र त्यस बहसको निष्कर्षलाई बुझ्न सकिन्छ । कानुन र नैतिकता अलग अलग विषय हुन् तर पनि यी दुवै एकअर्कामा निर्भर र अन्तरसम्बधित छन् । हरेक व्यक्तिको नैतिकता हुन्छ । यसले व्यक्तिको छवि निर्माण गर्न मह□वपूर्ण भूमिका खेल्छ । हरेक पेसालाई व्यवस्थित र मर्यादित गराउन पेसागत आचारसंहिता निर्माण गरिएको हुन्छ ।

त्यसै गरी पत्रकारिता पेसालाई मर्यादित र व्यवस्थित बनाउन पत्रकार आचारसंहिता निर्माण गरिएको पाइन्छ । यसले पत्रकारिता पेसाको गरिमा र मर्यादा बढाउने काम गर्छ । पत्रकारिताको शक्ति भनेकै जनताको विश्वास हो । जनताको विश्वास बढ्दै जाँदा पत्रकारिताको शक्ति पनि बढ्दै जान्छ भने जनताको विश्वास घट्दै जादा पत्रकारिताको शक्ति पनि कमजोर बन्न जान्छ । जसरी रावणको नाभिमा अमृत रहेको पौराणिक मान्यता पाइन्छ । रावणको शक्ति पनि नाभिमा भएको अमृतमा रहेकाले त्यसलाई नष्ट गर्दा रावणको शक्ति नष्ट भएको थियो । त्यसै गरी नैतिकता बढ्दै जाँदा पेसागत मर्यादा र गरिमा बढ्दै जान्छ भने नैतिकता घट्दै जाँदा पेसागत मर्यादा पनि घट्दै जान्छ । त्यसकारण नैतिकताको पनि ठुलो मह□व र शक्ति रहेको हुन्छ । पत्रकारितामा नैतिकता भन्नाले सत्य, तथ्य, सन्तुलित, वस्तुगत, निष्पक्ष, भेदभावरहित र विश्वसनीय सन्देश सम्प्रेषण गर्नु भन्ने बुझिन्छ । यसरी पत्रकारिताले यस्तो विषयवस्तु सम्प्रेषण गर्दा एकातिर यसले सामाजिक उत्तरदायित्वको भूमिका निर्वाह गर्छ भने अर्कातिर यसले आफ्नो विश्वसनीयता अभिवृद्धि गरिरहेको हुन्छ । यो सिद्धान्तको कुरा गर्न जति सजिलो हुन्छ यसलाई व्यवहारमा उतार्न त्यतिनै जटिल हुन्छ ।

नेपाली समाज अभाव, दबाब र प्रभावबाट ग्रसित छ । जसले गर्दा नैतिकताको पालना गर्न कठिन हुन्छ । पत्रकार पनि यही समाजका उपज हुन् । त्यसकारण पत्रकार समाजको परिस्थितिभन्दा बाहिर हुन सक्दैनन् । नेपालको सन्दर्भमा पत्रकार आचारसंहिता लागु भए पनि यसको पालनामा निकै कठिनाइ भएको पाइन्छ । त्यसमा पनि पछिल्लो समयमा सूचना र प्रविधिको तीव्र विकास भएको सन्दर्भमा नैतिकताको सवाल अझ बढी पेचिलो बनेको छ । कृत्रिम बौद्धिकता (एआई) को परिवेशमा पत्रकारितामा नैतिकताको पक्षलाई संरक्षण गर्नुपर्ने सर्वत्र आवाज उठेको छ । एआईको प्रयोग गुणस्तर अभिवृद्धिका लागि सहयोगी सिद्ध भए पनि त्यसको दुरुपयोग हुँदा नैतिकताको पक्ष सङ्कटमा पर्ने सम्भावना देखिएकै छ ।

सन् १९४८ मा हचिड्स कमिसनले पत्रकार समाजप्रति उत्तरदायी हुन पर्छ, स्वतन्त्रताको उपभोग गर्दा जिम्मेवारी भुल्न हुँदैन भन्ने मान्यता अघि सार्‍यो । जसको जगमा टेकेर सामाजिक उत्तरदायित्व सिद्धान्तको विकास भयो । यसले स्वतन्त्रता र उत्तरदायित्वलाई सन्तुलित परिदृश्यमा हेर्छ । यस सिद्धान्तले मिडिया समाजप्रति उत्तरदायी हुनु पर्छ भन्ने मान्यता राख्छ । उदारवादी सिद्धान्त अनुसारको प्रेसमा विकृति आउन थालेपाछि हचिड्स कमिसनले अध्ययन गरेर मिडियाले स्वतन्त्रता उपभोग गर्दा उत्तरदायित्वलाई बिर्सन हुँदैन भने मान्यता अघि सार्‍यो । त्यसका लागि पत्रकारिता जगत्ले पनि आचारसंहिता निर्माण गरेर त्यसको पालना गर्न सकिने अवधारणा विकास भयो । हुन त नैतिकताको विषय प्रकृतिवादी सम्प्रदायको अवधारणासँगै जोडिएको छ । जुन लिखित कानुनको विकास हुनुभन्दा अघिदेखि नै अस्तित्वमा थियो र आजपर्यन्त पनि यसको मह□व दिनप्रतिदिन बढ्दै गरेको पाइन्छ । नैतिकताका निम्न सिद्धान्तलाई पालना गर्न सकेमा मात्रै पत्रकारिता पेसाको मर्यादा र गरिमा बढ्न सक्छ । यी सिद्धान्तमा इमानदारिता, निष्पक्षता, पारदर्शिता, वस्तुगत, शिष्टता, उत्तरदायित्वमा आधारित, तथ्यपूर्ण र विश्वसनीयता पर्छ जुन नैतिकताका आधारस्तम्भ हुन् । यसलाई पत्रकारिताको आचारसंहितामा समावेश गर्नु पर्छ ।

व्यावसायिकता भन्नाले कुनै पनि पेसा व्यवसाय गरेर त्यही पेसा व्यवसायमा पूर्ण निर्भर रहेर जीविकोपार्जन गर्न सकिने वातावरण सिर्जना हुनु र त्यही पेसा व्यवसायबाट आफ्नो वृत्ति विकास, इज्जत, प्रतिष्ठा र भविष्य भेटाउन सकिन्छ । व्यावसायिकतालाई निम्न आधारबाट हेर्न सकिन्छ ।

पेसा व्यवसायबाट आफ्नो जीविकोपार्जन गर्न सक्नु, आर्थिक समृद्धि भेटाउन सक्नु, पेसागत दक्षता र विज्ञता भेटाउन सक्नु, विशेषज्ञता हासिल गर्नु, पेसागत निरन्तरता कायम राख्नु, पेसाबाट आफ्नो भविष्य भेटाउन सक्नु र पेसाप्रतिको सम्मान कायम राख्न सक्नु आदि पर्छन् । व्यावसायिकताको विकासले मात्र कुनै पनि पेसा व्यवसायको विकास हुन्छ । त्यस पेसामा लागेका पेसाकर्मीको पनि आर्थिक र पेसागत ज्ञान र सिपको पनि अभिवृद्धि हुन्छ । परम्परागत समाजमा मानिसले परम्परागत रूपमा अर्थात् निर्वाहमुखी ढङ्गबाट जीवन बिताउने हुँदा उनीहरू कुनै एक पेसामा समर्पित भएर लाग्दैन्थे । व्यावसायिकताको विकास नहुँदासम्म कुनै पनि पेसा व्यवसाय फस्टाउन र विकास हुन सक्दैन । पेसा व्यवसायको विकास नहुँदासम्म पेसाकर्मीको पनि विकास हुन सक्दैन । त्यसकारण व्यावसायिकताको विकासले मात्र पेसा, व्यवसाय, समाज र राष्ट्रको विकास हुन सक्छ । आजको युग व्यावसायिकताको हो ।

नेपालको सन्दर्भमा २०४६ सालपछि मात्र व्यावसायिकताको युग प्रारम्भ भएको मानिन्छ । व्यावसायिकताको इन्डिकेटरभित्र राख्दा हामी कुनै पनि क्षेत्रमा पूर्ण रूपमा व्यावसायिक भएको भने पाइँदैन, पत्रकारिता क्षेत्रमा पनि सोही कुरा लागुहुन्छ ।

नेपाली पत्रकारिता जगत्मा २०४६ सालअघि व्यावसायिकता थिएन । पत्रकारिता पेसामा मात्र रहेर जीवन चल्न नसक्ने र त्यसैबाट आफ्नो भाग्य र भविष्य भेट्न नसक्ने हुँदा पत्रकारले यस पेसालाई अतिरिक्त पेसाका रूपमा अभ्यास गर्ने गरेको पाइन्थ्यो । पार्टीगत पत्रकारिता गर्ने कसैको मुखपत्रका रूपमा काम गर्ने, पर्बे पत्रकारिता र अन्य पेसामा आबद्ध भई पत्रकारितालाई सोखका रूपमा मात्र गर्ने जस्ता अभ्यास रहेको पाइन्थ्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको व्यवस्थाले प्रेसलाई निकै संरक्षण गरेको र संविधानको भावना अनुसार बनेका उदार कानुनी व्यवस्थाले गर्दा नेपाली प्रेस जगत्ले निकै ठुलो फड्को मार्‍यो र मिडियाका क्षेत्रमा बहुलताको युग प्रारम्भ भयो ।

गोरखापत्रको एकाधिकारलाई तोड्दै कान्तिपुरलगायतका मिडिया आइसकेपछि ठुलो संख्यामा फरक भाषा, क्षेत्र र विषयकेन्द्रित भएर पत्रिका प्रकाशित हुन थाले । त्यसै गरी टेलिभिजन र अनलाइन मिडियामा आएको विकासले मिडियाको क्षेत्रमा बहुलताको युग प्रारम्भ भयो । मिडिया आवाजविहीनको आवाज बन्न सक्ने वातावरण सिर्जना भयो । अझ पछिल्लो समयमा विकास भएको सूचना प्रविधिलगायत सामाजिक सञ्जाल र कृतिम बौद्धिकताले त झन् मिडियाको क्षेत्रमा पाराडिम सिफ्ट भएको पाइन्छ । यस सन्दर्भमा मिडियाको क्षेत्रमा व्यावसायिकताको युग प्रारम्भ भएको पाइन्छ ।

व्यावसायिकताका सम्पूर्ण प्यारामिटरलाई हेर्दा नेपालमा मिडियाको क्षेत्रमा व्यावसायिकाको युग प्रारम्भ भएको भए पनि पूर्ण रूपमा व्यावसायिक भने भएको छैन । यस क्षेत्रका विभिन्न समस्या र चुनौती रहेको पाइन्छ, अझै पनि पत्रकार यही पेसामा रहेर आत्मनिर्भर हुन सकिरहेको देखिँदैन । त्यसै गरी पत्रकारितामा राजनीतिक र आर्थिक प्रभाव कायमै रहेको देखिन्छ । पार्टिसन प्रेसको अभ्यास, स्वार्थबाट प्रेरित पत्रकारिता, विषयवस्तु विशेषज्ञताको कमी हुनु, युवालाई यस पेसाप्रति विश्वास कायम हुन नसक्नु जस्ता अनेक समस्याबाट ग्रस्त नेपाली पत्रकारिता पूर्ण रूपमा व्यावसायिक हुन सकेको पाइँदैन । यस सन्दर्भमा नेपालमा औद्योगिकीकरण हुन नसक्नु, युवा पलायनको क्रम जारी हुनु, आर्थिक विकास हुन नसक्नु जस्ता बाहिरी प्रभावले पनि पत्रकारिता जगत्लाई प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको छ ।

सूचना प्रविधिको विकास, संविधान र कानुनको विकास, मिडियाको विकास, जनताको क्रय शक्तिमा भएको वृद्धि जस्ता सकारात्मक पक्ष हुँदाहुँदै पनि नेपाली पत्रकारिता विभिन्न समस्याबाट गुज्रिँदै गएको छ । जसको प्रतिविम्ब विषयवस्तुमा झल्किने गर्छ । जुन मिडियाको प्रभावको मुख्य प्रतिफल पनि हो । त्यसकारण मिडियाको क्षेत्रमा व्यावसायिकताको विकास हुनु पर्छ । जसले प्रजातान्त्रिकीकरणको प्रक्रियामा पनि सघाउ पुऱ्याउँछ । सुसूचित जनमत सिर्जना गर्छ । सचेत जनमतले मात्र सही व्यक्तिलाई उपयुक्त ठाउँमा पुऱ्याउन सक्छ जसले गर्दा विकास, समृद्धि, शान्ति र खुसी प्राप्त गर्न सकिन्छ । जुन पत्रकारिताको मूल धर्म हो । पत्रकारिता सामाजिक उत्तरदायित्वको पेसा भएकाले यसले सामाजिक हितका लागि कार्य गर्नु पर्छ । जुन व्यावसायिक पत्रकारिताबाट मात्र सम्भव हुन सक्छ ।

# मानव अधिकारमा न्यायको ढोका



• बालकुमारी कार्की कुँवर

मर्यादित रूपमा जीवन बाँच्न आवश्यक नैसर्गिक र जन्मसिद्ध अधिकारलाई मानव अधिकार भनिन्छ । मानव अधिकार मानिसको सर्वोच्च अधिकार हो । मानव समस्त जीवजन्तुमध्ये एक विशिष्ट प्राणी हुनु साथै इतिहासको निर्माता पनि भएकाले हरेक मानिसले आफ्नो जीवनमा विशेष अधिकार पाउनुपर्दछ । बाँच्न पाउने, स्वास्थ्य शिक्षा तथा रोजगार पाउने, अभिव्यक्तिको स्वतन्त्रता पाउने नागरिक हुन पाउने जस्ता कुरा मानव अधिकार अन्तर्गत पर्न आउँछन् ।

त्यसैले मानव अधिकार भनेको मानवले जन्मसिद्ध रूपमा पाउनुपर्ने हक हो र यस्तो अधिकारका बारेमा संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकार घोषणापत्र जारी गरी विश्वव्यापी रूपमै मानवाधिकारको प्रत्याभूति दिलाएको छ । कसैबाट मानिसको मानव अधिकार खोस्नु गैरकानुनी मानिन्छ । मानव अधिकार भनेको मान्छेलाई मान्छेको रूपमा बाँच्न आवश्यक पर्ने अवस्था, अवसर तथा सुविधाको समष्टि हो । मानव अधिकारको निम्ति कुनै पनि प्रकारको भेदभाव हुनुहुँदैन । मानिस भएर जन्मेको जो कोहीले मानव अधिकार उपयोग गर्न पाउँछ । मानव अधिकार जन्मिएका प्रत्येक व्यक्तिको समान अधिकार हो ।

मानव भएको नाताले प्राप्त हुने प्राकृतिक, कानुनी अधिकारको एकीकृत नैसर्गिक अधिकार मानव अधिकार हो जसले व्यक्तिलाई आत्मसम्मानका साथ बाँच्न सिकाउँछ । एक बच्चाले जन्मनासाथ खान पाउने, न्यानोमा बस्ने पाउने अधिकार लिएर आएको हुन्छ । हामीले मानव अधिकार नपाईकन आफ्नो कर्तव्य पूरा गर्न सक्दैनौं । अतः व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकार तथा अन्य कानुनद्वारा प्राप्त गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसँग सम्बन्धित अन्तर ाष्ट्रिय सन्धि, सम्झौता मानव अधिकारअन्तर्गत पर्छन् ।

त्यसैले जीवनको स्वतन्त्रता र सुरक्षा नै मानव अधिकार हो । मानव अधिकारले व्यक्तिको आधारभूत अधिकारको प्रत्याभूर्ति गर्दै मानव विकासको क्षेत्र र आधारलाई बृहत् बनाउँछ । मानव अधिकार विश्वव्यापी, अविभाज्य, अपरिर्वतीय र अहरणीय छ । मानव अधिकारले राजनीतिक, सामाजिक तथा आर्थिक अधिकारको प्रयोग गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चितता दिन्छ । मानव अधिकार प्रत्येक मानिसलाई जाति, भाषा, लिंग, धर्म र राष्ट्रियता, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना, उमेर र वर्गको भेदभावबिना प्राप्त हुने अधिकार हो । त्यसैले मानव अधिकारलाई विश्वव्यापी अविभाज्य र अपरिवर्तनीय मानिन्छ ।

दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षणमा विभिन्न राष्ट्रले प्रतिबद्धता व्यक्त गरेका थिए । मानव अधिकार घोषणा पत्र सन् १९४८ लाई संयुक्त राष्ट्रसंघले मानव अधिकार संरक्षणको लागि अनुमोदन गरेको थियो । मानव अधिकारको संरक्षण गर्नु सबै संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूको अन्तर्राष्ट्रिय दायित्व हो । मानव अधिकार जन्मसिद्ध अधिकार भएको कारण यसको प्रवर्द्धन गर्ने प्रयास निकै लामो समयदेखि भएको मानिन्छ । मानव अधिकार संरक्षणका लागि भएका यी प्रयासहरूले मानव जीवनका लागि स्वतन्त्रता र सुरक्षा प्रदान गरेका छन् ।

मानव अधिकार संरक्षणका लागि व्यवस्थाहरू जीवनको अधिकार, यातनाविरुद्धको अधिकार, स्वतन्त्रताको अधिकार, शिक्षाको अधिकार र सामाजिक सुरक्षाको अधिकार, काम गर्न पाउने अधिकार आदि प्राकृतिक अधिकारभित्र पर्छन् । कानुनी अधिकारअन्तर्गत पर्ने विषयहरूले पनि मानव अधिकार संरक्षणका लागि उल्लेखनीय भूमिका खेलेका छन् । जसअन्तर्गत संयुक्त राष्ट्रसंघले अन्य अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी गरेका सन्धि, सम्झौताहरू नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि, यातना तथा अन्य क्रूर मानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, आप्रवासी श्रमिक र तिनको परिवारको संरक्षणसम्बन्धी महासन्धि, अपांगता भएका व्यक्तिहरूको अधिकार, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि आदि सन्धि र सम्झौताहरू भएका छन् ।

उपर्युक्त महासन्धि र अभिसन्धिहरूले मानव अधिकारको स्वरूपमा निम्न बमोजिमको अधिकारलाई सम्बद्ध वर्गमा स्थापित गराउने प्रयास गरेको छ । यसअन्तर्गत नागरिक तथा राजनीतिक अधिकार, आर्थिक तथा सामाजिक अधिकार, विकाससम्बन्धी अधिकार र अन्य अधिकार पर्छन् । संयुक्त राष्ट्रसंघ महासभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई सन् १९४८, डिसेम्बर १० मा अनुमोदन गरेको थियो । यस घोषणापत्रमा मानव अधिकारसम्बन्धी ३० धारा छन् । जसमा व्यक्तिको कानुनी, नैतिक, राजनीतिक आर्थिक, सामाजिक, धार्मिक अधिकारको व्यवस्था उल्लेख गरिएको छ । त्यस्तै, नेपालको संविधान २०७२ नागरिकको मौलिक हक, अधिकार र मानव अधिकार संरक्षणार्थ व्यवस्था गरिएको हो । राष्ट्रिय मानव अधिकार आयोग, एमनेस्टी इन्टर नेसनल, अनौपचारिक क्षेत्र सेवा केन्द्र यसबाहेक न्याय तथा अधिकार संस्था, मानव अधिकार संस्था, गठबन्धन, मानव अधिकार संगठन, मानव अधिकार तथा सामाजिक न्यायका लागि राष्ट्रिय गठबन्धन लगायतका विभिन्न संघसंस्था मानव अधिकार संरक्षणका स्थापना भएका संस्थाहरू हुन् । मानव अधिकार प्राप्तिका लागि हाम्रो देशका जनताले पटक-पटक आन्दोलन गरे ।

२००७, २०४७ र २०६२/६३ मा भएका आन्दोलन प्रजातन्त्र प्राप्तिका लागि भएका संघर्ष मानव अधिकारका लागि हुन् । मानव अधिकारभित्र अन्य अधिकार बालअधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि थुप्रै अधिकारको कुरा पर्छन् । बालबालिकाले जन्मसिद्ध शिक्षा र सुरक्षाको अधिकार पाउनुपर्छ । श्रमिकले न्यूनतम ज्याला र सामाजिक सुरक्षाको अधिकार पाउनुपर्दछ । एउटा व्यक्तिले आफ्नो अधिकार प्रयोग गर्दा अरू कतिको अधिकार हनन भयो भन्ने बुझ्नु जरुरी हुन्छ । मानव अधिकारको व्यापक अर्थ फराकिलो बन्दै गएको परिप्रेक्ष्यमा यसले सामाजिक आर्थिक, राजनीतिक, शैक्षिक, धार्मिक, आर्थिक, भौगोलिक सबै क्षेत्रका न्यायलाई समेट्ने गरेको छ ।

नागरिकको मानव अधिकारको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित राज्यको हुन्छ । नागरिकको मानव अधिकारको संरक्षण गर्ने जिम्मेवारी पूरा गर्न कुनै पनि राज्यले अन्तर ाष्ट्रिय मापदण्डको पालना गर्नुपर्ने हुन्छ । राज्यले मानव अधिकारको सम्मान गर्नुपर्छ । नियमविपरीत मानव अधिकारको भक्षक राज्य हुनुहुँदैन । आफ्नो क्षेत्राधिकार अन्तर्गत मानव अधिकारको संरक्षण गर्नुपर्छ । मानव अधिकारको संरक्षणमा राज्य रक्षक हुनुपर्छ । कानुनी तथा संस्थागत संयन्त्र तयार गरी मानव अधिकारको संरक्षण गर्नुपर्छ । गैरसरकारी संस्थाले मानव अधिकारको संरक्षण गर्न निम्न दायित्व पूरा गर्न सक्छन् । मानव अधिकारको अनुगमन गर्ने, पैरवी गर्ने, नागरिकलाई शिक्षित पार्ने, अन्यायविरुद्ध सामूहिक जनमत तयार गर्ने, राज्यलाई खबरदारी गर्ने जस्ता पहरेदार गरी मानव अधिकार संरक्षणीर्थ यी गैरसरकारी संघ संस्थाले कार्य गरेका हुन्छन् । अन्तर ाष्ट्रिय संस्थाहरूको भूमिकाअन्तर्गत नागरिक समाजले तयार गरेका अनुगमनका आधारमा प्रतिवेदन सुधारका बाटाहरू तयार पार्न सुझाव र सहयोग प्रदान गर्ने कार्य गर्दछ । मानव अधिकार उल्लंघन आरोपहरूको सोधपुछ अनुसन्धान गर्ने, पीडितको उजुरी उपर न्याय दिने काम गर्छ । यी संस्थाले पनि सरकारको कार्य शैलीलाई मद्दत पुऱ्याइरहेका हुन्छन् । मानव अधिकार हामी सबैका लागि हो । यसको उल्लंघन हुने अवस्थामा हामी सबैले बोल्नै पर्दछ । आफ्नो अधिकारको दाबी गर्नुपर्छ । व्यक्तिगत तहमा हामीले नागरिकको हैसियले गर्न सक्ने मानव अधिकारसम्बन्धी कार्यहरूअन्तर्गत निम्न कार्य पर्छन् । तथ्यहरूको खोजी गरी निष्कर्ष तथा जानकारी बाँड्ने, दैनिक जीवनमा आफूलाई गलत लागेका कुराहरूको अडान लिने, टोलछिमेकमा मानव अधिकार संरक्षणमा भएका कार्यमा सहभागी हुने आदि कार्य पर्छन् ।

राज्यले मानव अधिकारको सम्मान गर्नुपर्छ । मानव अधिकारको संरक्षणमा राज्य रक्षक हुनुपर्छ । सरकारले नियम कानुनको पालना गराउने, शान्ति र सुव्यवस्था कायम राख्ने जस्ता संविधान र कानुनले निर्दिष्ट गरेका कुरा पनि मानव अधिकारभित्रै समेटिन्छन् । त्यसैले, मानव जीवनको स्वतन्त्रता र सुरक्षा प्रदान गर्न राज्य तत्पर रहनु पर्दछ । राज्यले देशमा मानव अधिकारको प्रत्याभूति गर्दै सुखी, खुशी, शान्त, समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्न तत्पर रहनुपर्छ ।

# आगलागीका घटनाप्रति नगरप्रमुखद्वारा दुःख व्यक्त

मेचीनगर(प्रस) ।मेचीनगरमा आइतबार र मंगलबार दुई वटा घरमा आगलागी भयो । आगलागीको कारण विद्युत सर्ट भएको थियो ।

आइतबार मेचीनगर-३ स्थित भावना चोकको वस्तीभित्र चित्रा, टिन र काठको टाढे घर र मंगलवार विहान मेचीनगर-९ स्थित थोप्लेविरानको दुई तले इटाको गारो, टिन र काठको घरमा आगलागी भयो ।

भावना चोकको लालबहादुर सुब्बाको टाँडे घरमा दिउँसो ४ वजे विद्युत सर्ट भइ आगलागी हुँदा उनी र उनका परिवारले लगाएको कपडादेखि बाहेक केहि बचाउन सकेनन् ।

सुब्बाको दुई विगाह ऐलानी जग्गाभित्र रहेको सानो चित्रा, टिन र काठको टाँडे घरमा रहेको ८० मन धान, २ वटा साइकल, एकतोला सुन, ५५ हजार नगद, भाडावर्तन, लुगाफाटा सबै जलेर नष्ट भएको थियो ।

'दिउँसो घरमा आराम गरिरहेका बेला विद्युतमा एक्कासि चट्याक्क गरेको आवाज आयो', सुब्बाले भने-'भरे हुस्सहुस्सी आगो बल्न थाल्यो । ५ जनाको परिवार थियो । सबै भाग्नतिर लाग्यो । घरभित्र भएका सबै सामान खरानी भए ।'

मेचीनगर-३ का वडाध्यक्ष हर्कबहादुर वस्नेतले घर आगलागी हुँदा करिव ३० लाखको क्षति भएको जानकारी दिए ।

उनले आगलागी भएको थाहा हुनेवित्तिकै दमकल आयो तर, सबैतिर बाटो निर्माण भइरहेकाले गाउँको सानो बाटोमा घुमाएर दमकल लाँदा नियन्त्रण प्रयासमा समय लागेको बताए ।

यस्तै मंगलवार विहान ८ वजे मेचीनगर-९, थोप्ले विरानस्थित मणिराज अधिकारीको घरमा भएको  आगलागीको घटनामा पनि सोही कारण दमकल समयमा पुग्न ढिलो भएको थियो ।

साढे ९ वजे आगो नियन्त्रणमा आएपनि कपडा, भाँडावर्तन, फर्निचर, अन्नपात र घर पूर्णरुपमा नष्ट भएको थियो । उक्त घटनामा करिव ११ लाख मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय झापाले जानकारी दिएको छ ।

दुईवटै घरको आगलागी घटनामा स्थानीय, सुरक्षाकर्मी र दमकलले आगो निभाउने प्रयास गरेका थिए ।

मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले आगलागीका घटनाहरु बढिरहेकाले सचेत रहन नगरवासीलाई अनुरोध गरेका छन् । नगर क्षेत्रका प्रायः सबै बाटाहरु निर्माणाधीन अवस्थामा रहेकाले दमकल जाने बाटो अवरोध भएकाले आगलागी भएको ठाउँमा पुग्न समस्या भएको उनले बताए ।

बन्दै गरेका सडक र गाउँका साँघुरो बाटोको कारण दमकल समयमा नपुगेको कारण क्षति भएको उनको भनाई छ ।

नगरप्रमुख बुढाथोकीले दुवै आगलागी घटनाप्रति  दुःख व्यक्त गर्दै क्षतिपूर्तिका लागि छलफल गरिने बताए ।

# युवा व्यवसायी खत्रीद्वारा ५१ हजार रुपैयाँ प्रदान



झापा(प्रस) ।बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको ' व्यवसायी सदस्य राहत कोष' का लागि युवा व्यवसायी निर्मल खत्रीले ५१ हजार रुपैयाँ प्रदान गरेका छन् ।

आफ्नो जन्मदिनको अवसर पारेर खत्रीले कोष वृद्धिका लागि ५१ हजार रुपैयाँ प्रदान गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा आयोजना गरिएको जन्मोत्सव समारोहमा खत्रीकी श्रीमती रेणुका लिम्बूको समेत उपस्थिति रहेको थियो । सो समारोहका खत्री दम्पत्तीलाई बिर्तामोड उद्योग वाणिज्य संघले कदरपत्रसहित सम्मान गरेको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई रकम प्रदान गर्दै  खत्रीले संघले स्थापना गरेको कोष वृद्धिका लागि सहयोग पुऱ्याएको र आगामी दिनमा समेत सहयोग पुऱ्याउने बताए ।

बिर्तामोड १ निवासी खत्री पूर्वेली ढुवानी सेवा प्रा.लि.का सञ्चालक हुन् भने मेची ट्रान्सपोर्ट एशोसिएसनका कोषाध्यक्ष तथा नयाँ पेपर अनलाइनका अध्यक्ष हुन् ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख गणेश पौडेल, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुव्रत न्यौपानेलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको संचालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# कालिका सहकारी संस्थाको बार्षिक उत्सब

कालीस्थान(प्रस) । कालिका बहुउद्देश्यीय सहकारी संस्थाको २३ औ बार्षिक उत्सब स्वास्थ्य जनचेतना एवं जेष्ठ नागरिकलाई सम्मान गर्दै सम्पन्न भएको छ ।

कालिकापीठको सभाहलमा आयोजित कार्यक्रममा डा अनिलकुमार ठाकुरले मानवले स्वस्थ रहन भान्सा, दिनचर्या र खाद्यान्नमा सुधार गर्नुपर्ने बताए ।

संस्थाका शेयर सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको कार्यक्रममा स्वस्थ रहन खाद्यान्न र जीवनशैली सुधार आवश्यक रहेको बताउँदै उनले नुन, चिनी, बेसन, अजिना, तयारी मसलाको प्रयोग घटाउन र योग, ध्यानलाई प्राथमिकता दिन आग्रह गरे ।



संस्थाका अध्यक्ष कर्णबहादुर तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जेष्ठ नागरिकहरु धनमाया खरेल, भक्तमाया भट्टराई, जगतबहादुर चौहान, खडानन्द खतिवडा, जितबहादुर भट्टराई, चन्द्रमाया कटुवाल, डिल्लीराम मिश्र, मैयादेबी भण्डारी, धनप्रसाद पौडेल, कौशिलादेबी बराललगायतलाई नगद र दोसल्ला र मायाको चिनोसहित सम्मान गरिएको थियो ।

जिल्ला सहकारी संघका सदस्य प्रेमसागर सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अर्जुनधारा सहकारी समन्वय समितिका संयोजक कृष्ण चापागाईं, कालिका बहुउद्देश्यीय सहकारी संस्थाका सल्लाहकार संयोजक डम्बर बस्नेतलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा कालिकापीठका प्राचार्य रघुनाथ रिजाल, कालीस्थान बौद्ध चक्र गुम्बाका अध्यक्ष सन्तबहादुर तामाङ, संस्थाका पूर्व अध्यक्ष पदमलाल श्रेष्ठ, कुलप्रसाद बराललगायतको आतिथ्य रहेको संस्थाका ब्यवस्थापक दामोदर दाहालले जानकारी दिएका छन् । उपाध्यक्ष योगप्रसाद मिश्रले स्वागत, गान्धारी मिश्र र रेणु बस्नेतले स्वागत गीत प्रस्तुत गरेको कार्यक्रमको संचालन सचिब केदारनाथ पोखरेलले गरेका थिए ।

# मापसे गरी छोराले गरे आमामाथि खुकुरी प्रहार

झापा(प्रस) । इलाममा मादक पदार्थ सेवन गरी छोराले आमामाथि खुकुरी प्रहार गरेका छन् ।



सोमवार दिउँसो १.३० बजे इलाम नगरपालिका- . ५ कुतेडाँडा बस्ने ६६ वर्षीया भिममाया राईलाई उनका छोरा ४४ वर्षीय चन्द्रबहादुर राईले मादक पदार्थ सेवन गरी लछारपसार गर्दै खुकुरी प्रहार गरेका हुन् ।

खुकुरीले भिममायाको बाँया गालामा काटिएको छ । उनलाई उपचारको लागि जिल्ला अस्पताल इलाम पठाइएको छ । खुकुरी र खुकुरी प्रहार गर्ने चन्द्रबहादुरलाई अस्थायी प्रहरी पोष्ट बिब्ल्याटेले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय इलाम पठाएको छ ।

# छठ समाजको पद हस्तान्तरण

झापा(प्रस) ।  छठ समाज सेवा समिति बिर्तामोडको पद हस्तान्तरण भएको छ ।

समितिका अध्यक्ष रामेश्वर द्विवेदीको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रादेवी महतारा प्रसाईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच पद हस्तान्तरण भएको हो ।

छठ समाज सेवा समितिले महिलालाई नेतृत्व प्रदान गरेको भन्दै कार्यक्रमका सहभागी वक्ताले प्रशंसा गरेका थिए ।

कार्यक्रममा बोल्दै नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराईले महिलालाई ३३ प्रतिशत सहभागिताका लागि संविधानले नै सुनिश्चितता गरेको र छठ समाज सेवा समितिले महिला अध्यक्ष बनाएर सह्रानीय कार्य गरेको भन्दै प्रशंसा गरे ।

कार्यक्रममा बोल्दै बिर्तामोड नगरपालिका वडा नम्वर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले महिलाले नेतृत्व गरेको संस्था उत्कृष्ट हुने भन्दै प्रशंसा गरे । उनले नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डार



ी,प्रधानन्यायाधीश सुशीला कार्की, महिला सभामुख ओनसरी धर्ती लगायतको उदाहरण प्रस्तुत गर्दै छठ समाज सेवा समितिले समेत सक्षम र सवल नेतृत्व पाएको धारणा राखे ।

कार्यक्रममा  बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, पूर्व अध्यक्ष बलराम कार्कीलगायतले शुभकामना राखेका थिए ।

छठ समाज सेवा समितिको १६ औं अधिवेशनबाट अध्यक्षमा संगीता रौनियार चयन भएकी हुन्  । समितिको वरिष्ठ उपाध्यक्षमा राजकुमार शाह चयन भएका छन् भने उपाध्यक्षद्वयमा मनोजकुमार शाह र अनन्तलाल महत्तो चयन भएका छन् ।

महासचिवमा अशोक चौधरी,सह-सचिव बिक्की चौधरी , कोषाध्यक्ष वरुणकुमार जैसवाल, सह-कोषाध्यक्षमा सञ्जय चौधरी, जनसम्पर्क अधिकारी दिपक साफी छठ समाज सेवा समितिको १६ औं अधिवेशनबाट चयन भएका छन्  ।

सदस्यमा प्रमोदकुमार चौधरी, मनोज चौधरी, शम्भुप्रसाद साह, कनाई भगत, दिलिप दास, लालबाबु साह र सन्तोषकुमार साह चयन भए । उनीहरुलाई  प्रेमचन्द चौधरी संयोजक र उपेन्द्र प्रधान तथा  निर्मल पाण्डे सदस्य रहेको निर्वाचन समितिले पद तथा गोपनीयताको सपथ गराएको थियो ।


यसैबीच अध्यक्ष रौनियारले संयोजक शत्रुघनप्रसाद गुप्ता र कृष्णा श्राफ, तथा  नरेश साह सदस्य रहेको लेखा समिति चयन गरेकी छन् ।  यता उनले ११ सदस्यीय सल्लाहकार समितिसमेत चयन गरेकी छन् । समितिमा शंकर भगत, रामनारायण चौधरी, सत्यनारायण चौधरी, मनोज चौधरी, त्रिलोक साह, जनार्दन साह, बिजय ठाकुर, निर्मलकुमार पाण्डे, बिजय श्राफ, उपेन्द्र प्रधान र इन्द्रजित चौधरी रहेका छन् ।

कार्यक्रमको संचालन छठ समाज सेवा समितिका महासचिव अशोककुमार चौधरीले गरेका थिए ।

# मासुको हड्डी घाँटीमा अड्किएर प्रहरी निरीक्षक घाइते

झापा(प्रस)। बोकाको मासुको हड्डी घाँटीमा अड्किएर धनकुटामा प्रहरी निरीक्षक घाइते भएका छन् ।

मंगलवार दिउँसो १२ बजे इलाका प्रहरी कार्यालय राजारानी धनकुटामा कार्यरत प्रहरी निरीक्षक प्रमोद खड्का खाना खाने क्रममा बोकाको मासुको हड्डी घाँटीमा अड्किएर घाइते भएका हुन् ।



उनलाई उपचारको लागि इप्रका राजारानीको मोबाइल गाडीले विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानतर्फ पठाएको छ । उनलाई बोल्नलाई असहज भएको छ । उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

## कोशी..

पत्रकार धनबहादुर फागोले नीति सकारात्मक भएको तर भाषालाई दिगो बनाउन 'भाषा बोल्ने उत्पादन' गर्नुपर्ने बताए। 'माङसेबुङ–५ मा लिम्बू भाषा सरकारी कामकाजमा प्रयोग हुन्छ, तर केटाकेटीले बोल्दैनन्', उनले भने, 'दिगो बनाउन पढाइ आवश्यक छ।'

उनका अनुसार माङसेबुङमा लिम्बू भाषामा शिक्षण हुँदै आएको छ  तर बजेट अभावका कारण कठिनाइ छ।'शिक्षकको नियुक्ति गरिएको छ तर बजेट छैन', उनले स्पष्ट पारे।

यसैगरी यासोक, पाँचथरस्थित पृथ्वी माध्यमिक विद्यालयका लिम्बू भाषा शिक्षक डिग लावतीले नीति तथा कार्यक्रमलाई सकारात्मक भन्दै भाषा शिक्षालाई कानुनी रूपमा स्थापित गर्न कार्यविधि आवश्यक रहेको बताए। पाँचथरका तीन विद्यालयमा कक्षा १२ सम्म लिम्बू भाषा पढाइ हुँदै आएको उनले जानकारी दिए।

# भेलागुडीमा बिश्रान्ती घाट निर्माण गर्ने अभियान शुरु

झापा(प्रस) । धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्ने उद्धेश्यसहित झापाको बिर्तामोड- ८ स्थित देउनिया खोलाको भेलागुडीमा बिश्रान्ती घाट निर्माण गर्ने अभियान शुरु गरिएको छ ।

शम्शेरबहादुर विष्टको अध्यक्षतामा विश्रान्ती घाट निर्माण समिति गठन गरी निर्माण कार्य शुरु गरिएको हो । समितिको उपाध्यक्षमा देवराज उप्रेती , सचिव मदनकुमार अधिकारी , सहसचिव भुपाल अधिकारी र कोषाध्यक्ष कल्पना बराल रहेका छन् । त्यस्तै सदस्यहरुमा हेमराज भट्टराई , सीता पाण्डे प्रसाई , विनोद खरेल , सूर्यबहादुर विष्ट , केशव घिमिरे , गजेन्द्र शेर्पा , कमल मगर (डेनी सञ्चार) , कालिप्रसाद राजवंशी , बद्री प्याकुरेल र इन्द्रसिंह राजवंशी रहेका छन् । त्यस्तै डम्बरप्रसाद तिम्सिनाको संयोजकत्वमा सल्लाहकार समिति पनि निर्माण गरिएको छ ।

जसको सदस्यहरुमा हरि पाण्डे , हरिप्रसाद गौतम , पुण्य लम्साल , बाबुराम पराजुली , गोविन्द पाठक , एकराज विष्ट , नवराज खतिवडा , शान्तिराम निरौला ,,मनोज दाहाल , फुनिनाथ दुलाल ,गुणराज भण्डारी ,अनिल गौतम ,कुमार दर्नाल , सोयालाल राजवंशी ,रुद्र बराल र प्रेमप्रसाद गौतम रहेका छन् ।

धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्ने उद्धेश्यले सोमवार त्यस ठाउँको सरसफाई गरी माटो मिलाउने कार्य गरिएको बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले बताए । उनले चाँडै शिलान्यास गरी घाट निर्माणलाई तीब्रता दिइने जानकारी दिए । उनले यो अभियानमा सामेल भई सहयोग गर्न सम्पूर्णलाई आव्हान गरेका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

# आजको राशिफल

**मेष** आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।